मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

## वित्तिय सेवा प्रदान गर्न प्रशताव पेश गर्ने बारे जरुरी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति २०७८।२।२५**

यस गाउँपालिका को आ. व. २०७७७८ को बार्षिक स्वीकृत कार्यक्रम बमोजि राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार युवा वर्गमा उद्यमशीलता, सिर्जनशीलता तथा सिपको विकास गरी स्वरोजगार र उत्पादनको माध्यमबाट समृद्ध नेपाल निर्माणका लागि सक्रिय युवाका समूहलाई एक स्थानीय तह/एक वडा भित्रका ५० प्रतिशत महिला सहित कम्तिमा ५ जना युवा सम्मिलित युवाको समूहलाई वित्तीय सेवा प्रदायक संस्थामार्फत विना धितो विना ब्याज कर्जा लगानी तथा असुली गर्ने कार्य गर्नको लागि वित्तिय सेवा प्रदायक संस्था छनोट गर्नु पर्ने भएकोले युवा उद्यमीहरुलाई विना ब्याज विना धितो कर्जा उपलब्ध गराउन इच्छुक यस गाउँपालिका लाई सेवा क्षेत्र बनाई गाउँपालिका भित्र संचालित वित्तिय सेवा प्रदायक संस्थाहरुले निम्न लिखित कागजात समेत संलग्न गरी यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा प्रशताव पेश गर्न २०७८।१।१७ मा सूचना प्रकाशन गरिएकोमा १ मात्र संस्थाको आवेदन प्राप्त हुन आएकोले पुन यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यायलमा तोकिएका कागजात सहित निबेदन दिनुहुन अनुरोध छ । निबेदन Email मार्फत समेत पठाउन सकिने ब्यहोरा जानकारी गराइन्छ

**संलग्न गर्नुपर्ने कागजातहरु**

निबेदन
संस्था दर्ता तथा नविकरण को प्रतिलिपी
VAT/PAN दर्ता प्रमाण पत्रको प्रतिलिपी
आ.व. २०७६।७७ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी
आ.व. २०७६।७७ को अडिट रिपोर्ट को प्रतिलिपी
सम्बन्धीत क्षेत्र वा सोही प्रकृतिको कार्य अनुभव खुलेको प्रमाण कागज
विना धितो विना ब्याज कर्जा लगानी तथा असुली गर्ने प्रतिबद्धता पत्र

सम्पर्क तथा इमेलको लागि
email : mangalarumun1127@gmail.com
Ph No : 9857640397

२०७८।२।२५

प्रमुख प्रशासकीय अधिकृत